लैगिंक समानता कायम गर्न तथा लैगिंक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले गरेका संशोधनहरू

प्रकाशन नं. १८६

crea

महिला, कानुन र विकास मञ्च (FWLD)

अविभेद र समानताको लागि कार्यरत

नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२. परिभाषा ..... (च) बाबु-यो शब्दले कानून बमोजिम धर्मपुत्र राख्न पाउनेमा सो राख्ने बाबुलाई समेत जनाँउछ ।	**२. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधनः** (च) बाबु-यो शब्दले कानून बमोजिम "धर्मपुत्र **धर्मपुत्री**" राख्न पाउनेमा सो राख्ने बाबुलाई समेत जनाँउछ

प्रहरी ऐन, २०१२

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
प्रहरी ऐन, २०१२ प्रहरी ऐन दफा ३४ ङ राजनैतिक उद्देश्यले संगठन गरिएको सभा जुलुस प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा दफा ३९ - नियम र आदेश बनाउने अधिकार २(घ) प्रहरी फोर्सको अधिकृत र जवान बस्ने ठाउँ तोक्ने बारे	**३. प्रहरी ऐन, २०१२ मा संशोधन :** प्रहरी ऐन, २०१२ को दफा ३४ प्रहरी ऐन दफा ३४ ङ राजनैतिक उद्देश्यले संगठन गरिएको सभा जुलुस प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा **(ङ१) लैङ्गिक हिंसा गरेमा,** २(घ) प्रहरी फोर्सको अधिकृत र जवान बस्ने ठाउँ तोक्ने बारे **२(घ१) महिला तथा पुरूष प्रहरी कर्मचारीको लागि छुट्टाछुट्टै आवास गृह रहने बारे ।** **२(घ२) शिशु स्याहार केन्द्र बारे ।**

गाली र बेइज्जतीको ऐन, २०१६

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
८. आईमाइलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा : कसैले कुनै आईमाइलाई अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनीयतामा दखल दिएमाएकसय रूपैयाँ देखि पाँचसय रूपैयाँसम्म जरिबाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।	**महिलालाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमाः** कसैले कुनै **महिलालाई** अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनीयतामा दखल दिएमा एकसय रूपैयाँदेखि पाँचसय रूपैयाँसम्म जरिबाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

भिक्षा माग्ने (निषेध) ऐन, २०१८

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
३. भिक्षा माग्ने प्रथाको प्रतिबन्ध : (१) कुनै केटाकेटीको अभिभावकले कुनै सडक, गल्ली, घर वा अन्य कुनै ठाउँमा गीत गाउने, नाच्ने, खेल्ने वा कुनै माल वस्तु बिक्री गर्ने निहुँ गरी वा नगरी ती केटाकेटीलाई भिक्षा माग्न लगाएमा वा लिन लगाएमा वा भिक्षा माग्न वा लिन दुरूत्साहन दिएमा वा त्यस्तो भिक्षा दिलाउन प्रेरित गरेमा त्यस्तो अभिभावकलाई कारबाही गरी जिल्ला न्यायाधीशका आदेशबाट बढीमा रू. ७५।- सम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । **८. भुट्टा उजूर गर्नेलाई सजाय** : यस ऐन अन्तर्गतको अपराध सम्बन्धी मुद्दामा कसैले भुट्टा पोल उजूर गरी अदालतमा साबित गर्न नसकेमा निजलाई रू. ४०।- चालीससम्म जरिबाना वा डेढ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।	**३. भिक्षा माग्ने प्रथाको प्रतिबन्ध** : (१) कुनै बालबालिकाको अभिभावकले कुनै सडक, गल्ली, घर वा अन्य कुनै ठाउँमा गीत गाउने, नाच्ने, खेल्ने वा कुनै माल वस्तु बिक्री गर्ने निहुँ गरी वा नगरी ती **बालबालिकालाई** भिक्षा माग्न लगाएमा वा लिन लगाएमा वा भिक्षा माग्न वा लिन दुरूत्साहन दिएमा वा त्यस्तो भिक्षा दिलाउन प्रेरित गरेमा त्यस्तो अभिभावकलाई कारबाही गरी जिल्ला न्यायाधीशका आदेशबाट बढीमा **रू. ३०००।-** सम्म जरिबाना वा **तीन वर्षसम्म कैद** वा दुवै सजाय हुनेछ । **८. भुट्टा उजूर गर्नेलाई सजाय** : यस ऐन अन्तर्गतको अपराध सम्बन्धी मुद्दामा कसैले भुट्टा पोल उजूर गरी अदालतमा साबित गर्न नसकेमा निजलाई **रू. ५०००।- पाँच हजारसम्म** जरिबाना वा **६ महिनासम्म** कैद वा दुवै सजाय हुनेछ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१५क. कोष कट्टा रकम फिर्ता पाउने : (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम जुनसुकै कारणले होस सेवाबाट हटेपछि निजले तुरून्त एकमुष्ट फिर्ता पाउनेछ । निजको मृत्यु भएको रहेछ भने निजले इच्छाएको व्यक्ति वा व्यक्तिहरूले इच्छाए बमोजिम पाउनेछ । निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको भएतापनि त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने कर्मचारीको देहायको नाता पर्ने मध्ये क्रमानुसार जुन जिवित छ उसैले र एकै क्रमका एक भन्दा बढी जीवित नातेदार भएमा दामासाहीले पाउनेछः- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा छोरी, विधवा छोरा बुहारी (ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा) (घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी, (ङ) भिन्न बसेको पति पत्नी (च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी, (छ) भिन्न बसेका बाबु आमा, (ज) सगोलको सौतेनी आमा, (झ) सगोलको सौतेनी छोरा छोरी, (ञ) सगोलको दाजु भाइ, दिदी बहिनी (ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससूरा (ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी, (ड) भिन्न बसेको सौतेनी आमा, (ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी, (ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी (त) सगोलको भतिजा, भतिजी, (थ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी (द) भिन्न बसेका दाजु भाइ, दिदी, बहिनी (ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी (न) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति । (३) कर्मचारीको सेवा .....। इच्छाएको व्यक्तिले पनि सो रकम निजले पाउन सक्ने मितिले २ वर्ष ९ महिनासम्म लिन नआएमा कोषले सर्वसाधारणको जानकारीमा आउने गरी सूचना निकाल्ने व्यवस्था गर्नेछ । सूचना निस्केको तीन महिनाभित्र पनि इच्छाएको व्यक्तिले लिन नआएमा सो रकम कर्मचारीको उपदफा (१) बमोजिमको हकवालाले पाउनेछ।	**कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन :** दफा १५क (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम निज जुनसुकै कारणले सेवाबाट हटेमा पनि निजले तुरून्त एकमुष्ट फिर्ता पाउनेछ । त्यस्तो कर्मचारीको मृत्यु भैसकेको भए निजले इच्छाएको व्यक्तिले इच्छाइए बमोजिमको रकम पाउनेछ र निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने **सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।"** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,** **(२) उपदफा (३) मा रहेका "सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ"**

कारागार ऐन, २०१९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
थुनुवा वा कैदीलाई राख्ने व्यवस्था : (१) थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राखिनेछः- (क) लोग्ने मानिस र स्वास्नी मानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दा भिन्दै भागमा, नयाँ व्यवस्था थप	**७. कारागार ऐन, २०१९ मा संशोधन :** दफा ६ (क) **पुरूष र महिला** छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दा भिन्दै भागमा, **(३) थुनामा रहेकी महिलाको सुरक्षाका लागि प्रहरी खटाउँदा कम्तीमा एकजना महिला प्रहरी खटाउनु पर्नेछ ।**

अदालती बन्दोबस्तको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
अदालती बन्दोबस्तको ११ नं. मा थप संशोधन स्वास्नी मानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायमगराई पाउँ भन्ने मुद्दा -------- ४ (आ) नयाँ थप	**"महिला वादी वा पुनरावेदक भएको लैङ्गिक हिंसा वा घरेलु हिंसा सम्बन्धी मुद्दा .....४ख** **स्पष्टीकरणः "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।**
९४ नं. ॥ ॥ मुद्दा हेर्ने अड्डाले कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्नेको उद्योग, डाँका, गोबध, स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा, जबरजस्ती करणीको महल अन्तर्गत सजाय हुने मुद्दा, जीउ मास्ने बेच्नेको वा सो सम्बन्धी मुद्दा, लागू औषध सम्बन्धी मुद्दा, राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा, सरकारी सम्पत्ति रहेको ..... यसै महलको १०४ नम्बरको नमूना बमोजिम हुनु पर्छ ।	९४ नं. ॥ ॥ मुद्दा हेर्ने अड्डाले कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्नेको उद्योग, डाँका, गोबध, स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा, जबरजस्ती करणीको महल अन्तर्गत सजाय हुने मुद्दा, जीउ मास्ने बेच्नेको वा सो सम्बन्धी मुद्दा, **मानव बेचबिखन तथा ओसारपसार** मुद्दा, लागू औषध सम्बन्धी मुद्दा, राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा, सरकारी सम्पत्ति रहेको ..... यसै महलको १०४ नम्बरको नमूना बमोजिम हुनु पर्छ ।
१७२(५) नं. ॥ ॥ माथिका दफाहरु .....र सो बमोजिम स्वास्नीमानिसको आँगको तलासी लिनु परेमा सो स्वास्नीमानिसको बेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लाउनु पर्छ.....५	माथिका दफाहरु बोजिम तलासी गर्दा तलासी गरिएको बस्तु वा धनमालका सम्बन्धमा कुनै मानिसको आगको तलासी लिनुपरेमा सो समेत लिनहुन्छ र **सो बमोजिम महिलाको आगको तलास लिनु परेमा सो महिलाको बेइज्जत नहुने गरी पत्यारकी अर्की महिलाबाट लिन लाउनु पर्छ ।**

लोग्ने स्वास्नीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१ नं. ॥ ॥ विहावारीको महलको २ नम्बरको ९ दफामा र ४, ५, ७ र ८ नम्बरमा लेखिएको र देहायको अवस्थामा बाहेक लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुन सक्दैन । त्यस्तो अवस्था परी सम्बन्ध विच्छेद गर्नु परेमा पनि कारण खोली निवेदन गरी अड्डाबाट निर्णय भएपछि सो निर्णय बमोजिम मात्र सम्बन्ध विच्छेद हुन सक्छ -	**१. विहावारीको महलको २ नम्बरको ९ दफामा वा ४ नम्बरमा लेखिएको** र देहायको अवस्थामा बाहेक लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुन सक्दैन । त्यस्तो अवस्थामा परी सम्बन्ध विच्छेद गर्नु परेमा पनि कारण खोली निवेदन गरी अड्डाबाट निर्णय भएपछि सो निर्णय बमोजिम मात्र सम्बन्ध विच्छेद हुन सक्छ ।
४ नं. ॥ ॥ सासु ससुरा समेत भै वा लोग्नले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा **बराबर** कुटपीट गरी दुःख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अंशबाट आफ्नो अंश छुट्याई लिन पाउँछे । त्यस्ती स्वास्नीमानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाईलाई बाँकी रहे जति हकवालाको हुन्छ । सासू ससुराले मात्र निकाला गरेकोमा इज्जत आमद अनुसार खान लाउन दिनु पर्छ ।	४ नं. ॥ ॥ सासु ससुरा समेत भै वा लोग्नले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा ... कुटपीट गरी दुःख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अंशबाट आफ्नो अंश छुट्याई लिन पाउँछे । त्यस्ती स्वास्नीमानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाईलाई बाँकी रहे जति हकवालाको हुन्छ । सासू ससुराले मात्र निकाला गरेकोमा इज्जत आमद अनुसार खान लाउन दिनु पर्छ ।

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
५ नं. ॥ ॥ स्वास्नीको दाइजो पेवा मास्ता अंश नभई एकाघरसँग बसेका अरू अंशियारहरु समेत रहेछन् भने अंशको हकदार सोह्र वर्ष नाघेका सबैका मञ्जुरीको लिखत भएमा मात्र सो मासेको दाइजो पेवा लेनदेन व्यवहारको महल बमोजिम सबै अंशियारहरूको गोश्वारा धनबाट भर्ना हुन सक्छ । लेखिए बमोजिमको रीत नपुऱ्याई मासे दिएकोमा अरू अंशियारहरूको मञ्जुरी नभएमा अंशियारहरूले व्यहोर्न र गोश्वाराका धनबाट भर्ना हुन सक्तैन ।	**५. महिलाको दाइजो, पेवा वा स्त्री अंशनको सम्पत्ति मास्दा अंश नभई एकाघरसँग बसेका अरू अंशियारहरू समेत रहेछन् भने उमेर पुगेको सबै अंशियारहरूको मन्जुरीको लिखत भएमा वा त्यस्तो लिखत नभए पनि निजहरूको सहमति बमोजिम त्यस्तो सम्पत्ति मासिएको प्रमाणित भएमा सो मासेको दाइजो, पेवा वा स्त्री अंशधनको सम्पत्ति लेनदेन व्यवहारको महल बमोजिम सबै अंशियारहरूको गोश्वारा धनबाट सोधभर्ना हुन सक्छ ।**

अंशबण्डाको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१ नं. ॥ ॥ यो नम्बर प्रारम्भ भएपछि अंशबण्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नु पर्छ ।	१ नं. ॥ ॥ ... अंशबण्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नु पर्छ ।
३ नं. ॥ ॥ सँग बसेका दाजुभाइका छोराछोरीहरूमा आफ्नो आफ्नो बाबुको मात्र अंश हुन्छ । ४ नं. ॥ ॥ कसैका सौता सौता स्वास्नीमात्र रहेछन् भने सबै सौताले आफ्ना लोग्नेका अंशमा ऐन बमोजिम बाँडी खान पाउँछन् ।	"३ नं. ॥ ॥ सँग बसेका दाजु भाइ तथा **दिदी बहिनीका** छोरा छोरीहरूमा आफ्नो आफ्नो बाबु वा आमाको मात्र अंश हुन्छ । ४ नं. ॥ ॥ यो नम्बर प्रारम्भ हुँदाका बखत **कसैका एकभन्दा बढी स्वास्नी मात्र रहेछन् भने सबै स्वास्नीले आफ्ना लोग्नेको अंश ऐन बमोजिम बाँडी खान पाउँछन् ।"**
११ नं. ॥ ॥ अंश लिई बेग्लै भएपछि आफ्नो र कोही स्वास्नी छोराको अंश समेत मिसाई सँग राखेको रहेछ भने पछि अरू स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने सँग बसेकाहरूको अंश जीउनी जम्मा गरी सँग बसेका र पछि ल्याए जन्मेका स्वास्नी छोरालाई ऐन बमोजिम अंश गरी दिनु पर्छ । आफ्नो अंश लिई बेग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने पछि ल्याए जन्मेकोले लोग्ने वा बाबुको अंश जीउनी सबै खान पाउँछन् । पछि ल्याए जन्मेकाले अघि अंश लिई पर सरेकोसँग अंशमा दैया गर्न पाउँदैन ।	११ नं. ॥ ॥ अंश लिई बेग्लै भएपछि आफ्नो र कोही स्वास्नी **छोराछोरीको** अंश समेत मिसाई सँग राखेको रहेछ भने पछि अरू स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने सँग बसेकाहरूको अंश जीउनी जम्मा गरी सँग बसेका र पछि ल्याए जन्मेका स्वास्नी **छोराछोरीलाई** ऐन बमोजिम अंश गरी दिनु पर्छ । आफ्नो अंश लिई बेग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने पछि ल्याए जन्मेकोले लोग्ने वा बाबुको अंश जीउनी सबै खान पाउँछन् । पछि ल्याए जन्मेकाले अघि अंश लिई पर सरेकोसँग अंशमा दैया गर्न पाउँदैन ।
१९ नं. ॥ ॥ अंश नलिएका स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारी हुने मानिसको चल अचल सम्पत्तिमा देहायमा लेखिए बमोजिम हुन्छ - - - - पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनालाई स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफु खुश गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउने परे पनि एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जुरी नलिई गरेको सदर हुँदैन ....१ आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नीपट्टिका छोरा अविवाहित छोरी मात्र भएकाले वा अरू छोरा अविवाहित छोरी स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकाले पनि आफ्नो खुश गर्न पाउँछ । एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि बढ्ता स्वास्नीपट्टिको छोरा अविवाहित छोरी वा एउटा स्वास्नी र अर्को स्वास्नीपट्टिका छोरा अविवाहित छोरी भएकाले सो भएका अवस्थामा भने मन परेका स्वास्नी छोरा अविवाहित छोरीलाई दिन बाहेक आफ्नो खुशी गर्न पाउँछ । मन परेका कोही स्वास्नी छोरा अविवाहित छोरीलाई मात्र बकस	१९. अंश नलिएका स्वास्नी, छोरा **एकासगोलका छोरी** वा विधवा बुहारी हुने मानिसको चल अचलसम्पत्तिमा देहायमा लेखिए बमोजिम हुन्छ : पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनालाई स्वास्नी, छोरा **एकासगोलका छोरी** वा विधवा बुहारीको मन्जुरी नभए पनि आफु खुश गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउने परे पनि एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा **एकासागेलका छोरी** र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जुरी नलिई गरेको सदर हुँदैन ....१ आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नीपट्टिका छोरा **एकासगोलका छोरी** मात्र भएकाले वा अरू छोरा **एकासगोलका छोरी** स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकाले पनि आफ्नो खुश गर्न पाउँछ । एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि बढ्ता स्वास्नीपट्टिको छोरा **एकासगोलका छोरी** वा एउटा स्वास्नी र अर्को स्वास्नीपट्टिका छोरा **एकासगोलका छोरी** भएकाले सो भएका अवस्थामा भने मन परेका स्वास्नी छोरा **एकासगोलका छोरीलाई** दिन बाहेक आफ्नो खुशी गर्न पाउँछ । मन परेका कोही स्वास्नी छोरा

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
समेत केही व्यहोरा गरिदिन भने हुँदैन । सबै स्वास्नी छोरा अविवाहित छोरीलाई ऐनले पाउने भाग बमोजिम दिएको भए मात्र सदर हुन्छ .....२ माथि दफा दफामा लेखिए बमोजिम आफुखुशी गर्न पाउनेमा स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा बुहारीको मन्जुरी नभए पनि खुश गर्न नपाउनेमा अंश नलिएका एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी र विधवा बुहारीहरुको मन्जुरी भए मात्र पिता पुर्खाका पालाको आर्जनको समेत चलअचल गैह्र सम्पत्ति मन परेका स्वास्नी, छोरा अविवाहित छोरी वा बुहारीलाई दिन समेत आफुखुशी गरेको सदर हुन्छ .....३ माथि दफा दफामा लेखिए बमोजिम आफू खुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंश जति भने आफु खुशी गर्न पाउँछ ।.....४ माथि लेखिए बमोजिम दिन पाउने जति अंश वण्डा नहुँदै कुनै स्वास्नी, छोरा अविवाहित छोरी वा बुहारीलाई लिखत गरिदिएको जति पछि अंशवण्डा गर्दा वण्डा गर्नु पर्दैन । जसले पाएको हो उसले एकलौटी गरी खान पाउँछ । दिन नपाउने दिएको रहेछ भने पछि वण्डा गर्दा सो समेत सबै सम्पत्तिमा मिसाई वण्डा गरिदिनुपर्छ ।.....५ञ	**एकासगोलका छोरीलाई** मात्र बकस समेत केही व्यहोरा गरिदिन भने हुँदैन । सबै स्वास्नी छोरा **एकासगोलका छोरीलाई** ऐनले पाउने भाग बमोजिम दिएको भए मात्र सदर हुन्छ .....२ माथि दफा दफामा लेखिए बमोजिम आफुखुशी गर्न पाउनेमा स्वास्नी, छोरा, **एकासगोलका छोरी** र विधवा बुहारीको मन्जुरी नभए पनि खुश गर्न नपाउनेमा अंश नलिएका एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा **एकासगोलका छोरी** र विधवा बुहारीहरुको मन्जुरी भए मात्र पिता पुर्खाका पालाको आर्जनको समेत चलअचल गैह्र सम्पत्ति मन परेका स्वास्नी, छोरा **एकासगोलका छोरी** वा बुहारीलाई दिन समेत आफुखुशी गरेको सदर हुन्छ .....३ माथि दफा दफामा लेखिए बमोजिम आफू खुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंश जति भने आफु खुशी गर्न पाउँछ ।.....४ माथि लेखिए बमोजिम दिन पाउने जति अंश वण्डा नहुँदै कुनै स्वास्नी, छोरा **एकासगोलका छोरी** वा बुहारीलाई लिखत गरिदिएको जति पछि अंशवण्डा गर्दा वण्डा गर्नु पर्दैन । जसले पाएको हो उसले एकलौटी गरी खान पाउँछ । दिन नपाउने दिएको रहेछ भने पछि वण्डा गर्दा सो समेत सबै सम्पत्तिमा मिसाई वण्डा गरिदिनुपर्छ ।.....५

स्त्री अंश धनको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
५नं.।। ।। स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुसी गर्न पाउँछन् । ऊ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ। लिखत रहेनछ भने सँग बसेका छोराछोरी भए त्यस्ता छोराछोरी, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहिता छोरीले र निजहरु पनि नभए हकवालाले पाउँछन् ।	**"५ नं. ॥ ॥ स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछिन् । निजको शेषपछि त्यस्तो सम्पत्ति अपुतालीको महल बमोजिम हुन्छ ।"** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,**

धर्मपुत्र, धर्मपुत्रीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
९ख. नं. ॥ ॥ धर्मपुत्र वा धर्मपुत्री हुने र राख्नेको उमेर कम्तीमा तीस वर्ष फरक हुनु पर्छ ।	९ख. नं. ॥ ॥ धर्मपुत्र वा धर्मपुत्री हुने र राख्नेको उमेर कम्तीमा तीस वर्ष फरक हुनु पर्छ । **"तर तीन पुस्ताभित्रको व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्दा सो बन्देज लाग्ने छैन ।"**
नयाँ व्यवस्था	**१२ग. नं ॥ ॥ नेपाली नागरिकले धर्मपुत्र वा धर्मपुत्री राख्दा गरेको लिखत पाँचसय रूपैयाँ दस्तुर तिरी जिल्ला न्यायाधीशबाट प्रमाणित गराउनु पर्छ ।**

अपुतालीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई बिधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे । त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरु पनि नभए त्यस्तो अपुताली ऐन बमोजिमको हकवालाले पाउँछन् ।	**"२ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरूमा अन्यथा लेखिएकोमा बाहेक अपुताली परेको व्यक्तिले कुनै लिखत गरी दिएकोमा सोही लिखत बमोजिम र त्यस्तो लिखत गरी नदिएकोमा देहायका व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिले र त्यस्तो व्यक्ति कोही नभए यसै महलको १ नम्बर बमोजिमका हकवालाले त्यस्तो अपुताली पाउँछ.————————१** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,** **माथि दफा १ बमोजिमका हकवाला नभएमा वा भए पनि निजले अपुताली नलिएमा यस महलको अन्य नम्बरहरूको अधीनमा रही त्यस्तो अपुताली नेपाल सरकारको हुन्छ ——२** **<u>स्पष्टीकरण:</u> यस नम्बरको प्रयोजनको लागि एउटै क्रमका एक भन्दा बढी व्यक्ति हकवाला भएमा प्रत्येक हकवालाले बराबरी अपुताली पाउँछ ।**
३ नं.॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा अविववाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी वा छोरी ज्याइँ वा त्यस्ता छोरी ज्याइँका छोरा वा अविवाहिता छोरीले स्वाहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, सुसुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी- ज्वाइँ वा नाति नातिनाले पाउँछन् । अरू हकवालाले पाउँदैनन् ।	३ नं.॥ ॥ यस महलको २ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई नजिकको हकवालाले हेरचाह नगरी सोभन्दा टाढाका कुनै हकवाला, अन्य व्यक्ति वा संस्थाले हेरचाह र स्याहार सम्भार गरेको भएमा निजको अपुताली त्यस्तो टाढाको हकवाला, अन्य व्यक्ति वा संस्थाले पाउँछ ।"
६ नं. ॥ ॥ एकै स्वास्नीपट्टि वा एकदेखि बढी स्वास्नीपट्टिका सन्तान हुने बाबु आमाले आफू र सबै स्वास्नी छोरा अविवाहिता छोरी बुहारीहरूलाई समेत ऐन बमोजिम अंशबण्डा गरी दी लिई कोही स्वास्नी छोरा अविवाहिता छोरी बुहारीसँग आफ्नो अंश मिसाई बसेकोमा बाबु आमा मरी अपुताली पऱ्यो भने त्यो अपुताली सँग बसेका स्वास्नी छोरा अविवाहिता छोरी बुहारीले मात्र पाउँछन् । लिखत भए लिखत बमोजिम हुन्छ ।	६ नं. ॥ ॥ एकै स्वास्नीपट्टि वा एकदेखि बढी स्वास्नीपट्टिका सन्तान हुने बाबु आमाले आफू र सबै स्वास्नी छोरा छोरी बुहारीहरूलाई समेत ऐन बमोजिम अंशबण्डा गरी दी लिई कोही स्वास्नी छोरा छोरी बुहारीसँग आफ्नो अंश मिसाई बसेकोमा बाबु आमा मरी अपुताली पऱ्यो भने त्यो अपुताली सँग बसेका स्वास्नी छोरा छोरी बुहारीले मात्र पाउँछन् । लिखत भए लिखत बमोजिम हुन्छ ।
७ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी वा छोराका छोरा वा अविवाहिता छोरीले हेरचाह नगरी एकै बाबुबाट जन्मिएका दाजुभाइ वा दिदीबहिनीले स्याहार सम्भार गरी पालेका रहेछन् भने त्यसरी पालेका दाजुभाइ वा दिदीबहिनीको अपुताली पाल्ने दिदीबहिनी वा दाजुभाइले पाउँछन् । अरू हकवालाले पाउँदैनन् ।	७ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, छोरी वा छोराका छोरा वा छोरीले हेरचाह नगरी एकै बाबुबाट जन्मिएका दाजुभाइ वा दिदीबहिनीले स्याहार सम्भार गरी पालेका रहेछन् भने त्यसरी पालेका दाजुभाइ वा दिदीबहिनीको अपुताली पाल्ने दिदीबहिनी वा दाजुभाइले पाउँछन् । अरू हकवालाले पाउँदैनन् ।

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
९ नं. ॥ ॥ एकै स्वास्नीपट्टिका छोरा अविवाहिता छोरी रहेछन्, ऐन बमोजिम अंशबण्डा गरी लिई दिई अरू छोरा अविवाहिता छोरी बेग्लै बसेछन्, एक छोरा अविवाहिता छोरी बुहारीपट्टि आफू बसेको रहेछ र सँग बस्ने छोरा अविवाहिता छोरी बुहारीले स्याहार सम्भार नगर्दा आफ्नो जो भएको अंश जीउनी लिई अर्को छोरा अविवाहिता छोरी बुहारीसँग बस्न गएको मन्यो भने पछि सँग बस्न गएकाले खान पाउँछन् । अंश जीउनी लिई बस्न गएको रहेनछ केही कारणले केही दिन बस्न गएकोमा मरेको भए त्यो अपुताली केही दिन बस्न गएको छोरा अविवाहिता छोरी बुहारी हकवालाले पाउँदैनन् ।	९ नं. ॥ ॥ एकै स्वास्नीपट्टिका छोरा छोरी रहेछन्, ऐन बमोजिम अंशबण्डा गरी लिई दिई अरू छोरा छोरी बेग्लै बसेछन्, एक छोरा छोरी बुहारीपट्टि आफू बसेको रहेछ र सँग बस्ने छोरा छोरी बुहारीले स्याहार सम्भार नगर्दा आफ्नो जो भएको अंश जीउनी लिई अर्को छोरा छोरी बुहारीसँग बस्न गएको मन्यो भने पछि सँग बस्न गएकाले खान पाउँछन् । अंश जीउनी लिई बस्न गएको रहेनछ केही कारणले केही दिन बस्न गएकोमा मरेको भए त्यो अपुताली केही दिन बस्न गएको छोरा छोरी बुहारी हकवालाले पाउँदैनन् ।
१२ नं. ॥ ॥ कुनै भाइ वा अविवाहिता बहिनी अंश ली भिन्न बसेको र कुनै भाइ वा अविवाहिता बहिनीसँग बसेकोमा सँग बसेका भाइ वा अविवाहिता बहिनीमा कुनै भाइ वा अविवाहिता बहिनी मरी अपुताली पन्यो भने भिन्न भएको भाइ वा अविवाहिता बहिनीले पाउँदैन । विमातृक भएपनि सँग बसेकाले मात्र पाउँछ । सँग बसे पनि खानु पिउनु आफ्ना अंशबाट आफ्ना हिस्सा बमोजिम राखी खाएका रहेछन् भने सँग बसेको भएपनि त्यस्तोमा र भिन्न बसेका भाइ भाइ वा अविवाहिता बहिनीको अपुतालीमा समेत मर्ने भाइ वा अविवाहिता बहिनीको सहोदर भाइ वा अविवाहिता बहिनीहरूले पाउँछन् । विमातृक पट्टिकाले पाउँदैनन् ।	१२ नं. ॥ ॥ कुनै दाजु भाइ वा दिदी बहिनी अंश ली भिन्न बसेको र कुनै दाजु भाइ वा दिदी बहिनीसँग बसेकोमा सँग बसेका दाजु भाइ वा दिदी बहिनीमा कुनै दाजु भाइ वा दिदी बहिनी मरी अपुताली पन्यो भने भिन्न भएको दाजु भाइ वा दिदी बहिनीले पाउँदैन । विमातृक भएपनि सँग बसेकाले मात्र पाउँछ । सँग बसे पनि खानु पिउनु आफ्ना अंशबाट आफ्ना हिस्सा बमोजिम राखी खाएका रहेछन् भने सँग बसेको भएपनि त्यस्तोमा र भिन्न बसेका दाजु भाइ वा दिदी बहिनीको अपुतालीमा समेत मर्ने दाजु भाइ वा दिदी बहिनीको सहोदर दाजु भाइ वा दिदी बहिनीहरूले पाउँछन् । विमातृक पट्टिकाले पाउँदैनन् ।

रजिष्ट्रेशनको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१ नं. ॥ ॥ **धर्मपुत्र, धर्मपुत्रीको लिखत** अचल सम्पत्ति भएकाको मानु छुट्टिएको वा मानु जोरिएको लिखत र अरू गैह्र अचल सम्पत्तिको देहायमा लेखिए बमोजिमको लिखत गर्दा गराँउदा रजिष्ट्रेशन गराउनु पर्छ- - बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको लिखत.....१ जुनसुकै किसिमको बन्धकी तमसुक .....१ भोग वा दृष्टिबन्धको लख सारेको तमसुक.....१ शेष पछिको वकसपत्र .....१ सट्टापट्टाको लिखत .....१ अंशवण्डाको लिखत १	१. ... अचल सम्पत्ति भएकाको मानु छुट्टिएको वा मानु जोरिएको लिखत र अरू गैह्र अचल सम्पत्तिको देहायमा लेखिए बमोजिमको लिखत गर्दा गराँउदा रजिष्ट्रेशन गराउनु पर्छ- - बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको लिखत.....१ जुनसुकै किसिमको बन्धकी तमसुक .....१ भोग वा दृष्टिबन्धको लख सारेको तमसुक.....१ शेष पछिको वकसपत्र .....१ सट्टापट्टाको लिखत .....१ अंशवण्डाको लिखत १

अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१३ नं. ॥ ॥ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा नालिस गर्न हदम्याद लाग्ने छैन । सो बाहेक अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले छ महिना वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन ।	कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा नालिस गर्न हदम्याद लाग्ने छैन । सो बाहेक अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले **एक वर्ष** वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले **छ महिनाभित्र** नालिस नदिए लाग्न सक्दैन ।

कुटपिटको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२ नं. ॥ ॥ कुटपीट गर्दा देहाय बमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ- आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरिदिएमा .....१ नाकको सुंघ्ने शक्ति हरण गरिदिएमा .....१ कानको सुन्ने शक्ति हरण गरी बहिरो गरिदिएमा..... १ जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा .....१ स्वास्नीमानिसको दूध काटी बेकम्मा गरिदिएमा.....१ नल फलको पुरूषत्व शक्ति हीन गरी नपुंसक गरिदिएमा.....१ मेरूदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा.....१	२ नं. ॥ ॥ कुटपिट गर्दा देहाय बमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ – **आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहिन बनाई दिएमा.....१** **नाकको सुँघ्ने शक्ति हरण गरिदिएमा .....१** **कानको सुन्ने शक्ति हरण गरी दिएमा .....१** **जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा .....१** **महिलाको स्तन काटी दिएमा .....१** **महिलालाई बाँझोपन र पुरूषलाई पुरूषत्वहीन बनाएमा-.....१** **मेरूदण्ड, डँडाल्नु, हात खुट्टा वा यिनैको जोर्नी भाँची, फोरी फुकाली बेकम्मा पारिदिएमा १**
६ नं. ॥ ॥ अङ्गभङ्गको खत मध्ये अन्धो र नपुंसक यी दुई खतमा जुनसुकै एक खत गरेपनि सो गर्नेलाई दश हजार रूपैयाँ जरिबाना गरी आठ वर्ष कैद गर्नु पर्छ । सो दुई खत बाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई पाँचहजार रूपैयाँ जरिबाना गरी आठ वर्ष कैद गर्नु पर्छ । ... कैद गर्नु पर्छ ।	६ नं. ॥ ॥ अङ्गभङ्गको खत मध्ये दृष्टिविहिन बनाएको, महिलाको स्तन काटेको वा महिलालई बाँझोपन वा पुरूषलाई पुरूषत्वहिन बनाएको खतमा जुनसुकैएक खत गरे पनि सो गर्नेलाई **तीनलाख रूपैया जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ** । ती खतहरु बाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसकु एक खत गरे पनि सो गर्नेलाई **दुई लाख रूपैयाँ जरिवाना गरी आठ वर्ष कैद** गर्नुपर्छ । एउटै किसिमको काम लिने एउटा भन्दाबढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्गमात्र बेकममा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नु पर्छ । सो खत निको भई काम लाग्ने भएमा भने **एकलाख रूपैयाँ जरिवाना र दुईवर्ष कैद** गर्नुपर्छ । **यसरी जरिवाना वापत प्राप्त पुरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ ।**
१४ नं. ॥ ॥ आगो, आगो समान पोल्ने गराइएका वस्तु वा तेजाब इत्यादिले पोली, डामी, दली, घसी इत्यादि-गैह्र कुरा गरी जीउमा पीडा गराउनेलाई अङ्गभङ्ग कुरूप भएको रहेनछ भने आङ, मुख, कानमा पोलेको भए पाँचसय रूपैयाँ जरिवाना र दुई महिना कैद, नाक, आँखामा भए एकहजार रूपैयाँ जरिवाना र चार महिना कैद, गुदद्वारमा भए दुई हजार रूपैयाँ जरिवाना र आठ महिना कैद, लिङ्गमा भए चार हजार रूपैयाँ जरिवाना र एक वर्ष चार महिना कैद, भगमा भए आठ हजार रूपैयाँ जरिवाना र दुई वष आठ महिना कैद गर्नुपर्छ । लेखिएदेखि बाहेक अरू पोल्ने वस्तु गैह्रले पीडा गर्ने गरी पोली, डामी, दली, घसी दिनेलाई लेखिएक ासजायको आधा सजाय गर्नु पर्छ । विषको धुँवा दिने वा बेहोस हुने कुरा सुँघाउनेलाई एकहजार रूपैया जरिवाना र दुई महिना कैद गर्नुपर्छ । अङ्गभङ्ग र कुरूप भएको रहेछ भने यसै महलका ६।८ नम्बर बमोजिम सजाय गर्नु पर्छ ।	आगो, आगो समान पोल्ने गराइएका वस्तुले पोली, डामी, दली, घसी इत्यादि-गैह्र कुरा गरी जीउमा पीडा गराउनेलाई अङ्गभङ्ग कुरूप भएको रहेनछ भने आङ, मुख, कानमा पोलेको भए पाँचसय रूपैयाँ जरिवाना र दुई महिना कैद, नाक, आँखामा भए एकहजार रूपैयाँ जरिवाना र चार महिना कैद, गुदद्वारमा भए दुई हजार रूपैयाँ जरिवाना र आठ महिना कैद, लिङ्गमा भए चार हजार रूपैयाँ जरिवाना र एक वर्ष चार महिना कैद, भगमा भए आठ हजार रूपैयाँ जरिवाना र दुई वष आठ महिना कैद गर्नुपर्छ । लेखिएदेखि बाहेक अरू पोल्ने वस्तु गैह्रले पीडा गर्ने गरी पोली, डामी, दली, घसी दिनेलाई लेखिएकासजायको आधा सजाय गर्नु पर्छ । विषको धुँवा दिने वा बेहोस हुने कुरा सुँघाउनेलाई एकहजार रूपैया जरिवाना र दुई महिना कैद गर्नुपर्छ । अङ्गभङ्ग र कुरूप भएको रहेछ भने यसै महलका ६।८ नम्बर बमोजिम सजाय गर्नुपर्छ ।
नयाँ व्यवस्था थप	**"१४क. नं.॥ ॥ तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराएमा वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारेमा कसूरको प्रकृति हेरी अनुहारमा कुरूप पारेमा पाँचवर्षदेखि आठ वर्षसम्म कैद र एकलखा रूपैयाँदेखि तीनलखा रूपैयाँसम्म जरिवाना र शरीरको अन्य अङ्ग कुरूप पारेमा वा जीउमा पीडा गराएमा तीन वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजार रूपैयादेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना गर्नुपर्छ । यसरी जरिवाना वापत प्राप्त पूरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ ।**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	"२५क. नं.॥ ॥ यस महल बमोजिमको कसूरबाट पर्न गएको पीडाको मात्रालाई विचार गरी अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रूपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्नेछ ।"

ज्यान सम्बन्धी महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
३२ नं. ॥ ॥ यस महलको २९ नम्बर बमोजिमको कसूर स्वास्नीमानिस गर्भवती छ भन्ने कुरा जानी जानी थाहा पाई गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन महिना र पच्चीस हप्ता नाघेको गर्भ तुहिएमा छ महिना कैद गर्नु पर्छ । गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ भए पाँच सय रूपैयाँ र पच्चीस हप्ताभन्दा बढीको गर्भ भए एक हजार रूपैयाँ जरिबाना गर्नु पर्छ ।	"३२ नं. ॥ ॥ यस महलको २९ नं. बमोजिम केही गर्दा बाह्र हप्तासम्मको गर्भ तुहिन गएकोमा एक वर्षसम्म कैद, पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन वर्षसम्म कैद र पच्चीस हप्ता भन्दा बढीको गर्भ तुहिन गएकोमा पाँच वर्षसम्म कैद गर्नु पर्छ ।"

आसय करणीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१ नं. ॥ ॥ कसैले कुनै महिलाको मञ्जुरी बिना निजको सम्बेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, ...यस्तै अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।	१ नं. ॥ ॥ कसैले कुनै महिलाको मञ्जुरी बिना निजको सम्बेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, ...यस्तै अन्य कुनै किसिमले अस्वभाविक अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।
५ नं. ॥ ॥ आफू वा अरूसँग गैर कानूनी करणी गर्न स्वास्नीमानिसलाई फकाउने र वेश्या गमनको लागि सम्पर्क र व्यवस्था गरी दिनेलाई छ महिनादेखि दुई वर्षसम्म कैद वा पाँच सय रूपैयाँदेखि छ हजार रूपैयाँसम्म जरिबाना वा दुवै हुन्छ ।	५ नं. ॥ ॥ आफू वा अरूसँग गैर कानूनी करणी गर्न स्वास्नीमानिसलाई फकाउने र वेश्या गमनको लागि सम्पर्क र व्यवस्था गरी दिनेलाई **तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना** हुन्छ ।

जबरजस्ती करणीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**जबरजस्ती करणीको महलमा संशोधन** "१(घ) गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ ।"
३ नं. ॥ ॥ "यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिर्नादेखि छ महिनासम्म कैद.....६"	"यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा **तीन वर्षदेखि पाँच वर्षसम्म**.....६"
३क. नं. ॥ ॥ महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नु पर्छ ।	कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा **होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिला** उपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नु पर्छ ।

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
८ नं. ॥ ॥ आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध छाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यस बखत कराई गुहार मागी वा अरू केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफ् नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुने सम्मको ठूलो डर त्रास परी करणी लिन नपाउँदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिसकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन । एक घण्टा उप्रान्त मारेमा पाँचहजार रूपैयाँसम्म जरिबाना वा दश वर्षसम्म कैद हुन्छ ।	८ नं. ॥ ॥ "कसैले आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई बन्धक गरी वा हातपात, छेकथुन, बाँध छाँद आक्रमण इत्यादि जोर जुलुम गर्न लागेकोमा कुनै महिलाले त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफूलाई करणी गर्नबाट रोक्न नसक्ने विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिव कारण भएमा र तत्काल कसैको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था नभएमा र त्यस्तो जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका उपाय तत्काल केही नगरे आफू माथि करणी हुनेसम्मको ठूलो डर, त्रास परी करणी लिन नपाउँदै वा उसै बखत, आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिई सकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लपट्दै गई हतियार लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन ।"...
९क.नं. ॥ ॥ कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बर बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्का समेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्छ ।	कसैले कुनै नाबालकसँग कुनै किसिमको **बालयौन दुराचार (पेडोफाएल)** गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बर बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्का समेत विचार गरी अदालतले **बालयौन दुराचार** गर्नेबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्छ ।
नयाँ व्यवस्था थप	**९ख. नं. ॥ ॥ लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको विषयमा परेको उजूरीको प्रारम्भिक छानविनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नहुँदासम्म संरक्षण दिन आवश्यक देखिएमा अदालतले लोग्नेको नाममा देहायको आदेश जारी गर्न सक्छ ————** **स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, स्वास्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन ———१** **स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन ————————२** **दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा लोग्नेलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा स्वास्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन ——— ३** **स्वास्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र स्वास्नीको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन.....-४**
१०क. नं. ॥ ॥ यस महल अन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको वयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ ।	यस महल अन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको वयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ । **त्यसरी बयान गराउँदा पीडितको सहजता र मर्यादालाई ध्यानमा राखी पीडित मैत्री वातावरणमा सकभर एकैपटक बयान गराउनु पर्छ ।**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१०ग. नं. ॥ ॥ यस महल अन्तर्गतको मुद्दाको फैसला गर्दा जबरजस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महल बमोजिम कसूरदारबाट भराई दिनु पर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महल अन्तर्गतको मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ ।	१०ग. नं. ॥ ॥ यस महल अन्तर्गतको मुद्दाको फैसला गर्दा जबरजस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महल बमोजिम कसूरदारबाट भराई दिनु पर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महल अन्तर्गतको मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ । **कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले नेपाल सरकार, महिला तथा बालबालिका सम्बन्धी मन्त्रालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ ।**
११ नं. ॥ ॥ जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले पैंतीस दिनभित्र नालिस नदिए लाग्न सक्तैन ।	११ नं. ॥ ॥ जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले **छ महिनाभित्र नालिस नदिए लाग्न सक्तैन ।**

हाडनातामा करणी गर्नेको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१ नं. ॥ ॥ आफूलाई जन्माउने आमाको करणी गर्नेलाई जन्मकैद हुन्छ । आफ्ना एकै बाबुबाट जन्मेका दिदी बहिनी वा आफूले जन्माएका छोरीको करणी गर्नेलाई दशवर्ष कैद हुन्छ ।	**हाडनाता करणी गर्नेको महलमा संशोधन** १ नं. ॥ ॥ आफूलाई जन्माउने आमाको करणी गर्नेलाई जन्मकैद हुन्छ । आफ्ना एकै **बाबु वा आमाबाट** जन्मेका दिदी बहिनी वा आफूले जन्माएका छोरीको करणी गर्नेलाई दशवर्ष कैद हुन्छ ।
२ नं. ॥ ॥ देहायमा लेखिएको नाताकी स्वास्नी मानिसको करणी गर्नेलाई तीन वर्षदेखि छ वर्षसम्म कैद हुन्छ..... आफ्ना हाडको नातामा आफ्नी सौतेनी आमा, हाँगा नफाटेकोमा जतिसुकै माथिको पुस्ता भएपनि र हाँगा फाटेकोमा तीन पुस्तासम्मका बज्यू, आफ्ना छोराकी स्वास्नी छोरा बुहारी, आफ्ना हाँगामा जतिसुकै पुस्ताको छोरा सन्तान भएपनि त्यस्ता छोरा सन्तानकी स्वास्नी वा छोरी, आफ्ना एकै बाबुबाट जन्मेका भाइकी स्वास्नी भाइ बुहारी, आफ्ना एकै बाबुबाट जन्मेका दाजु वा भाइकी छोरी वा छोरा बुहारी, आफ्नो एकै बाबुबाट जन्मेका दाजु वा भाइका छोराकी छोरी वा छोरा बुहारी, आफ्ना एकै बाजेबाट जन्मेकी दिदी वा बहिनी वा आफ्ना एकै बाजेबाट जन्मेका दाजु वा भाइकी छोरा वा त्यस्तो भाइकी स्वास्नी.....१ आफूले जन्माएको छोरीको छोरी वा छोरा बुहारी, आफूलाई जन्माउने आमालाई जन्माउने बज्यू, आफूलाई जन्माउने आमाका बाबु वा आमालाई जन्माउने बज्यू, बाबुका आमालाई जन्माउने बज्यू, आफ्नी स्वास्नीलाई जन्माउने सासू, त्यस्ती सासू वा आफ्ना ससूरालाई जन्माउने बूढी सासू, आफ्नी आमाका एक आँतका दिदी वा बहिनी, आफ्ना एकै बाबुबाट जन्मेका दिदी वा बहिनीकी छोरी वा त्यस्ती दिदी वा बहिनीकी छोरा बुहारी, आफूलाई जन्माउने आमाका एकै आँतका दाजु वा भाइकी स्वास्नी आफ्नी माइज्यू २	**२ नं.॥ ॥ देहायका नाता बीच करणी लिने दिनेलाई देहाय बमोजिम सजाय हुन्छ —** **सौतेनी आमा-छोरा, एकै हाँगाको ससुरा-बुहारी, बाजे-नातिनी वा पनातिनी, जेठाजु- भाइ बुहारी वा देवर-भाउजू बीच करणी लिने दिनेलाई चार वर्षदेखि छ वर्षसम्म कैद हुन्छ.. .....१** **एकै हाँगाको तीन पुस्तासम्मको बज्यू-नाति वा पनाति, बाजे-नातिनि बुहारी, एकै हाँगाको ठूलो बाबु वा काका-भतिजी, एकै हाँगाको भतिजो-ठूली आमा वा काकी, एकै हाँगाको ससुरो-भतिजी बुहारी, फुपू-भदा, मामा-भाञ्जी वा माइजू-भानिज, आमा तर्फका ठूली आमा वा सानी आमा-भतिजो र आफ्नी पत्नी तर्फको सासू-ज्वाँइ बीच करणी लिने दिनेलाई तीन वर्षदेखि छ वर्षसम्म कैद हुन्छ.....२** **माथि दफा १ र २ मा लेखिएदेखि बाहेक सात पुस्ताभित्रका अन्य नाताका वीच करणी लिनेदिनेलाई हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद हुन्छ .....३** **माथि दफा १,२ र ३ मा लेखिएदेखि बाहेक अन्य नाताका बीच करणी लिने दिनेलाई नाता विचार गरी तीन महिनादेखि एक वर्षसम्म कैद हुन्छ ४**

विहावरीको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
४ नं. ॥ ॥ वक्क लाटो, महारोगी, लुलो, कुँजो, दुबै आँखाको अन्धो, लिङ्ग नभएको नपुंसक, हात गोडा भाँची बेकम्मा भएको, बौलाहा वा छारे रोग भएको लोग्ने मानिसलाई सदे छ भनी ढाँटी विवाह भएकोमा स्वास्नीमानिसले मञ्जुर नगरे सो विवाह बदर हुन्छ । त्यस्तो ढाँटी विवाह गर्ने गरी दिनेलाई पाँचसय रूपैयाँसम्म जरिबाना हुन्छ ।	विहावरीको महलमा संशोधन ४ नं. ॥ ॥ कसैले पनि देहायको अवस्थाको पुरूष वा महिलालाई भुक्याई विवाह गर्न वा गराउन हुँदैन । भुक्याई गरेको विवाह सो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्छ । भुक्याई विवाह गरे वा गराएमा दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ । त्यस्तो जरिवानाको रकम भुक्यानमा पर्नेलाई भराई दिनुपर्छ - शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको——१ योनाङ्ग नभएको, पुरूषत्वहिन भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको ———— २ पूर्णरूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ट रोगी भएको ————————३ होस ठेगानमा नरहेको ————————————४ विवाह भैसकेको ————————————५ गर्भवती भैसकेको————————————६ नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको————७
९ नं. ॥ ॥ देहायका अवस्थामा बाहेक कुनै लोग्नेमानिसले आफ्नी स्वास्नी जीवित छंदै वा कानून बमोजिम लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नीमानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ..... स्वास्नीलाई यौन सम्बन्धी कुनै सरूवा रोग भै निको नहुने भएमा.....१ स्वास्नी निको नहुने गरी बौलाएमा .....१ स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा .....१ स्वास्नी हिंडडुल गर्न नसक्ने गरी कुँजी भएमा .....१ स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा ..... १ अंशबण्डाको महलको १० नम्बर बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा.....१	९ नं. ॥ ॥ **यो नम्बर प्रारम्भ भएपछि एकासगेलमा बस्न नसक्ने कारणबाट लोग्ने र स्वास्नी बीच अंशबण्डा भई भिन्न बसेमा** बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गर्न वा अर्को पत्नी राख्न हुँदैन ।
नयाँ व्यवस्था थप	१०क नं. ॥ ॥ कसैले अर्काकी स्वास्नीलाई विवाह गरि निजको धनमाल समेत लगेकोमा वा कुनै माहिलाले अर्को विवाह गरी जाँदा आफुले लगाएको वा प्रयोग गर्ने लत्ताकपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमालसमेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछ ।

अदलको महलको

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
५ नं. ॥ ॥ कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरू कसैलाई संयोग पारी, ... पदाधिकारी वा कर्मचारीले करणी गरेमा एक वर्षदेखि तीन वर्षसम्म कैद हुनेछ । त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।	५ नं. ॥ ॥ कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरू कसैलाई संयोग पारी, ... पदाधिकारी वा कर्मचारीले करणी गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ । त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**१०ग. नं. ॥ ॥ कसैले लैङ्गिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्रथा-परम्परा, वैवाहिक स्थिति, जबरजस्ती करणीबाट पीडित भएको वा यस्तै अन्य कुनै आधारमा कुनै महिलालाई भेदभाव गरेमा तीन महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।**

बिफर नियन्त्रण ऐन, २०२०

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२. <u>परिभाषा</u> : (क) "बालक" भन्नाले १२ वर्ष पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।	२(क) ॥ ॥ "बालक" भन्नाले १२ वर्ष पूरा भएको **बालबालिकालाई** सम्झनु पर्छ ।

होटल व्यवसाय तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१०. **दण्ड सजाय** : (१) दफा ३, ५ वा ७ को बर्खिलाप काम गर्ने होटेल मालिक वा दफा ३ वा ७ को बर्खिलाप काम गर्ने कुनै पसलको मालिकलाई तोकिएको अधिकारीले बढीमा रू. ५,०००।- पाँच हजारसम्म जरिबाना गर्न र आवश्यक देखिए त्यस्तो होटेल वा पसल बन्द गर्ने आदेश दिन सक्नेछ । (२) दफा ४ को बर्खिलाप काम गर्ने होटेल मालिकलाई तोकिएको अधिकारीले रू. ५,०००।- पाँच हजारसम्म जरिबाना गर्न सक्नेछ र सो दफाको बर्खिलाप होटेलमा भैरहेको वा हुने भएको मनोरञ्जन वा नाच गान बन्द गराउनेछ । (३) दफा ८ वा ९ को उल्लङ्घन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले बढीमा ३ महिनासम्म कैद वा रू. १,०००।- एक हजारसम्म जरिबाना वा दुवै सजाय हुन सक्नेछ ।	१०. (१) दफा ३, ५ वा ७ को बर्खिलाप काम गर्ने होटेल मालिक वा दफा ३ वा ७ को बर्खिलाप काम गर्ने कुनै पसलको मालिकलाई तोकिएको अधिकारीले बढीमा **रू. १,००,०००।- एक लाखसम्म** जरिबाना गर्न र आवश्यक देखिए त्यस्तो होटेल वा पसल बन्द गर्ने आदेश दिन सक्नेछ । (२) दफा ४ को बर्खिलाप काम गर्ने होटेल मालिकलाई तोकिएको अधिकारीले **रू. १,००,०००।- एक लाखसम्म जरिबाना** गर्न सक्नेछ र सो दफाको बर्खिलाप होटेलमा भैरहेको वा हुने भएको मनोरञ्जन वा नाच गान बन्द गराउनेछ । (३) दफा ८ वा ९ को उल्लङ्घन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले बढीमा **रू. २५,०००।- पच्चीस हजारसम्म** जरिबाना हुन सक्नेछ ।

राप्तीदून विकास क्षेत्रको जमीनको बिक्री वितरण) व्यवस्था ऐन, २०२४

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२.<u>परिभाषा</u> : (ग) "परिवार" भन्नाले कुनै व्यक्ति र निजको देहायका अवस्थामा अरू नातेदारलाई समेत जनाउँछः- (१) अंश छुट्टिएको वा नछुट्टिएको पति वा पत्नी (२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको १६ वर्ष उमेर नपुगेका छोरा, (३) बाबु वा आमा जीवित छउन्जेल ३५ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी,	(ग) "परिवार" भन्नाले कुनै व्यक्ति र निजको देहायका अवस्थामा अरू नातेदारलाई समेत जनाउँछः- (१) अंश छुट्टिएको वा नछुट्टिएको पति वा पत्नी (२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको **१६ वर्ष उमेर नपुगेका छोरा छोरी,**

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
(३) कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको वा विभिन्न वर्ग वा जातिका बीचको सुसम्बन्धमा बिरोध पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्ति विशेषको मानहानि वा अदालतको अवहेलना हुने वा कुनै अपराध गर्न दुरूत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन	**चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन** कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको वा विभिन्न वर्ग वा जातिका बीचको सुसम्बन्धमा बिरोध पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्ति विशेषको मानहानि

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन । तर चलचित्रको कुनै भागको काँटछाँट वा हेरफेर गरेर प्रदर्शन गराउँदा यस उपदफाको प्रतिकूल नहुने देखिएमा चलचित्र जाँच समितिले आवश्यकतानुसार काँट छाँट वा हेरफेर गरी प्रदर्शन गर्ने अनुमति दिन सक्नेछ ।	वा अदालतको अवहेलना हुने वा **लैङ्गिक हिंसालाई बढावा दिने** वा कुनै अपराध गर्न दुरूत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन । तर चलचित्रको कुनै भागको काँटछाँट वा हेरफेर गरेर प्रदर्शन गराउँदा यस उपदफाको प्रतिकूल नहुने देखिएमा चलचित्र जाँच समितिले आवश्यकतानुसार काँट छाँट वा हेरफेर गरी प्रदर्शन गर्ने अनुमति दिन सक्नेछ ।

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
दफा २ (छ) सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने, दफा ६ (१) यस ऐन बमोजिम कारबाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा अनुसार दश हजार रूपैयाँसम्म जरिबाना गर्न र पीडित पक्षलाई कसूरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ । तर जरिबानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्न पर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ । त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोके बमोजिम हुनेछ ।	**केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ मा संशोधन** दफा २ (छ) सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने, **महिलालाई जिस्काउने, हैरानी गर्ने वा निजसँग यस्तै अन्य कुनै किसिमको अस्वाभाविक व्यवहार गर्ने ।** दफा ६ (१) यस ऐन बमोजिम कारबाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा अनुसार **पच्चीस हजार रूपैयाँसम्म जरिबाना** गर्न र पीडित पक्षलाई कसूरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ । तर जरिबानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्न पर्ने देखिएमा **बढीमा तीन वर्षसम्म** कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ । त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोके बमोजिम हुनेछ ।

बोनस ऐन, २०३०

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१०. वारेस वा परिवारका सदस्यहरूलाई बोनस दिने : (१) .. (२) कुनै कर्मचारीको मृत्यु भएकोमा निजले पाउने बोनस निजले कसैलाई इच्छाएको रहेछ भने सोही व्यक्तिलाई र त्यसरी कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति पनि जीवित नरहेको भए त्यस्तो कर्मचारीको देहायको नाता पर्ने मध्ये क्रमानुसार जुन जीवित हुन्छ उसैले र एकै क्रमका एकभन्दा बढी जीवित नातेदार भएमा दामासाहीले जीवित सदस्यले पाउनेछ :- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा छोरी, विधवा छोरा बुहारी (ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा) (घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी, (ङ) भिन्न बसेको पति पत्नी (च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी, (छ) भिन्न बसेका बाबु आमा, (ज) सगोलको सौतेनी आमा, (झ) सगोलको सौतेनी छोरा छोरी, (ञ) सगोलको दाजु भाइ, दिदी बहिनी (ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससूरा	**बोनस ऐन, २०३० मा संशोधन :** दफा १०(२) कुनै कर्मचारीको मृत्यु भएमा निजले पाउने बोनस निजद्वारा कसैलाई इच्छाइएको भए सोही व्यक्तिले र त्यसरी कसैलाई इच्छाइएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।" **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
(ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी, (ड) भिन्न बसेको सौतेनी आमा, (ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी, (ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी (त) सगोलको भतिजा, भतिजी, (थ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी (द) भिन्न बसेका दाजु भाइ, दिदी, बहिनी (ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी (न) विमितसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।	

निवृत्त कोष ऐन, २०४२

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२३. **कोष कट्टी रकम फिर्ता पाउने** : (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम जुनसुकै कारणले सेवाबाट हटेपछि निजले तुरून्त एकमुष्ट फिर्ता पाउनेछ । निजको मृत्यु भएको रहेछ भने निजले इच्छाएको व्यक्ति वा व्यक्तिहरूले इच्छाए बमोजिम पाउनेछ । निजले कसैलाई इच्छाएको रहेनछ भने वा इच्छाएको भए तापनि त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने कर्मचारीको देहायको नाता पर्नेमध्ये क्रमानुसार जुन जीवित छ उसले र एकै क्रममा एक भन्दा बढी जीवित नातेदार भएमा दामासाहीले पाउनेछ :- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा छोरी, विधवा छोरा बुहारी (ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा) (घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी, (ङ) भिन्न बसेको पति पत्नी (च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी, (छ) भिन्न बसेका बाबु आमा, (ज) सगोलको सौतेनी आमा, (झ) सगोलको सौतेनी छोरा छोरी, (ञ) सगोलको दाजु भाइ, दिदी बहिनी (ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससूरा (ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी, (ड) भिन्न बसेको सौतेनी आमा, (ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी, (ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी (त) सगोलको भतिजा, भतिजी, (थ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी (द) भिन्न बसेका दाजु भाइ, दिदी, बहिनी (ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी (न) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति । (३) कर्मचारीको सेवा टुटेपछि .....नआएमा सो रकम कर्मचारीको उपदफा (१) बमोजिमको हकवालाले पाउनेछ ।	**निवृत्त कोष ऐन, २०४२ मा संशोधन** **२३. (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा ब्याज समेतको सम्पूर्ण रकम निज जुनसुकै कारणले सेवाबाट हटेमा निजले तुरून्त एकमुष्ट फिर्ता पाउनेछ । कर्मचारीको मृत्यु भइसकेको भए निजले इच्छाएको व्यक्तिले इच्छाइए बमोजिमको रकम पाउनेछ र निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।"** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,** (२) उपदफा (३) मा सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।

बालबालिका सम्बन्धी ऐन, २०४८

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
३. **बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने :** (१) प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्छ ।	३. **बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने :** (१) प्रत्येक बालक जन्मेपछि निजको **बाबुआमाले, बाबुआमा नभए** परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्छ ।
६. वैबाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने ।	६. वैबाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा **धर्मपुत्री** वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन :** **"१४ (ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसालाई बढावा दिने,"**

राष्ट्रिय प्रसारण ऐन, २०४९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**नयाँ व्यवस्था थप राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधनः** **"१६(ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसालाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,"**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**नयाँ व्यवस्था थप सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा संशोधन :** **"३०क. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने : (१) नेपाल सरकारवादी हुने तोकिए बमोजिमका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र वतनको छुट्टाछुट्टै संकेत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ ।** **(२) उपदफा (१) बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रयोजनको लागि अदालतको हकमा सर्वोच्च अदालतले र अनुसन्धान तथा अभियोजन गर्ने अधिकारीको हकमा प्रहरी प्रधान कार्यालयसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"** **"३६क. निर्देशिका बनाइ लागू गर्न सक्ने : अनुसूची-१ बमोजिमका नेपाल सरकारवादी हुने सम्पूर्ण वा कुनै खास प्रकृतिका मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रहरी प्रधान कार्यालयसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयले आवश्यक निर्देशिका बनाइ लागू गर्न सक्नेछ ।"**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१६३. घा खर्च, कृया खर्च र क्षतीपूर्ति भराई दिने : (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतीपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ :- (क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत दशहजार रूपैयाँ र क्षतीपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बिमाको रकम । (ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतीपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत पाँच हजार रूपैयाँ ।	**१६३. घा खर्च, कृया खर्च र क्षतीपूर्ति भराई दिने** : (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतीपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ :- (क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत **पचासहजार रूपैयाँ** र क्षतीपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बिमाको रकम । (ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतीपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत **पच्चिस हजार रूपैयाँ देखि पचास हजार रूपैयाँसम्म ।**
१६४. यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसूर पहिलो पटक गर्नेलाई पच्चीस रूपैयाँदेखि पचास रूपैयाँसम्म, दोस्रो पटक गर्नेलाई पचास रूपैयाँदेखि एकसय रूपैयाँसम्म र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई एकसय रूपैयाँदेखि दुईसय रूपैर्यासम्मको जरिबाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ ।	**१६४. यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसूर **पहिलो पटक गर्नेलाई ५०० रूपैयाँ, दोस्रो पटक गर्नेलाई एकहजार रूपैयाँ र तेस्रो पटक गर्नेलाई एक हजार पाँचसय रूपैयाँ जरिबाना** यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ ।

बीमा ऐन, २०४९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
३८. इच्छाइएको व्यक्तिले पाउने : (१) कुनै जीवन बिमा लेखको अवधि समाप्त हुनु अगावै सो बिमा लेख लिने व्यक्तिको मृत्यु भएमा बिमा लेख अनुसारको रकम निजले आफ्नो बिमा लेखमा इच्छाइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्तिको अघि नै मृत्यु भैसकेको भए बिमा लेख लिने व्यक्तिको देहाय बमोजिम नाता पर्ने आश्रितहरूमध्ये क्रमानुसार र एकै क्रमका एक भन्दा बढी जीवित नातेदार भएमा दामासाहीले जीवित सदस्यले पाउनेछ :- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा छोरी, विधवा छोरा बुहारी (ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा) (घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी, (ङ) भिन्न बसेको पति पत्नी (च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी, (छ) भिन्न बसेका बाबु आमा, (ज) सगोलको सौतेनी आमा, (झ) सगोलको सौतेनी छोरा छोरी, (ञ) सगोलको दाजु भाइ, दिदी बहिनी (ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससूरा (ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी, (ड) भिन्न बसेको सौतेनी आमा, (ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी,	**बीमा ऐन, २०४९ मा संशोधन :** **"३८(१) कुनै जीवन बीमा लेखको अवधि समाप्त हुनु अगावै सो बीमा लेख लिने व्यक्तिको मृत्यु भएमा बीमा लेख अनुसारको रकम निजले बीमा लेखमा इच्छाइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाएको भए तापनि त्यस्तो इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनु भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने त्यस्तो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ ।"** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
(ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी (त) सगोलको भतिजा, भतिजी, (थ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी (द) भिन्न बसेका दाजु भाइ, दिदी, बहिनी (ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी (न) विमितसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।	

श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१०. **हाजिरी र बिदा सम्बन्धी व्यवस्था** : (३) श्रमजीवी पत्रकारहरूले पाउने सार्वजनिक बिदा, भैपरी आउने तथा पर्व बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, किरिया बिदा र बेतलवी बिदा तोकिए बमोजिम हुने छन् ।	१०(३) नं. ॥ ॥ श्रमजीवी पत्रकारहरूले पाउने सार्वजनिक बिदा, भैपरी आउने तथा पर्व बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, **सुत्केरी स्याहार बिदा**, किरिया बिदा र बेतलवी बिदा तोकिए बमोजिम हुने छन् ।

कानूनी सहायता सम्बन्धी ऐन, २०५४

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा संशोधन :** **दफा २ (क१) "असमर्थ व्यक्ति" भन्नाले तोकिएको वार्षिक आय भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति सम्झनु पर्छ ।"**
३. कानूनी सहायता प्राप्त गर्ने व्यक्ति : (१) तोकिएको वार्षिक आयभन्दा कम आय भएको व्यक्तिले मात्र यस ऐन बमोजिम कानूनी सहायता प्राप्त गर्न सक्नेछ ।	**३(१) असमर्थ व्यक्ति भन्नाले तोकिएको वार्षिक आयभन्दा कम आइ भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति सम्झनु पर्छ ।**
६. केन्द्रीय कानुनी सहायता समितिको गठन तथा काम, कर्तव्य र अधिकार: (१) असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न केन्द्रीय कानुनी सहायता समितिको गठन हुनेछ र सो समितिमा देहायका सदस्यहरु रहनेछन् : (क) कानुन तथा न्याय मन्त्री - अध्यक्ष (ख) अध्यक्ष, नेपाल कानुन व्यवसायी परिषद् - सदस्य (ग) अध्यक्ष, नेपाल बार एशोसिएसन - सदस्य (घ) केन्द्रीय समितिबाट मनोनित कानुनविद् एकजना- सदस्य (ङ) नेपाल बार एशोसिएसन सचिव - सदस्य-सचिव	**"६(क१) सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य** **६(क२) सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय -सदस्य"** **(सदस्य थप गरिएको)**
७. जिल्ला कानुनी सहायता समितिको गठन तथा काम, कर्तव्य र अधिकार : (१) जिल्लास्तरमा असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउन तथा असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउने कानुन व्यवसायीहरुको सूची तयार गर्ने काम समेतको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमका सदस्यहरु रहेको जिल्ला कानुनी सहायता समिति गठन हुनेछ : (क) पुनरावेदन अदालत रहेको जिल्लामा पुनरावेदन सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता वा सो नभए जिल्लाहरुमा जिल्ला न्यायाधिवक्ता - अध्यक्ष (ख) जिल्लास्थित बार एशोसिएशनका इकाईहरु मध्ये माथिल्लो इकाईको अध्यक्ष - सदस्य	**दफा ७ "(क१) सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत -सदस्य"**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
(ग) जिल्लाका कानुन व्यवसायीहरु मध्ये जिल्ला समितिबाट मनोनित दुईजना कानुन व्यवसायी - सदस्य (घ) जिल्लास्थित बार एशोसिएसनका इकाईहरु मध्ये माथिल्लो इकाईको सचिव - सदस्य-सचिव तर काठमाडौं जिल्लाको हकमा जिल्ल बार एशोसिएसनको सचिव सदसय सचिव हुनेछ ।	

स्थानीय स्वायत्त शासन ऐन, २०५५

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
३३. **न्यायिक अधिकार** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि गाउँ विकास क्षेत्रभित्रको देहायका मुद्दाहरुको शुरू कारवाही र किनारा गर्ने अधिकार गाउँ विकास समितिलाई हुनेछ : (क) जग्गा तर्फ साँध सीमाना, सन्धी सर्पन, आलीधुर, बाँध पैनी, कुलो वा पानीको बाँडफाँड तथा बाटो वा निकास मिचेको मुद्दा, (ख) बाली अर्मल मुद्दा, (ग) बेठबेगर सम्बन्धी र ज्याला मजुरीको महल अन्तर्गतको मुद्दा, (घ) गरीब कंगालको महल अन्तर्गतको मुद्दा, (ङ) चौपाया हराउने र पाउनेको महल अन्तर्गतको मुद्दा, (च) घर बनाउनेको महलको ८ नं. र ९ नं. अन्तर्गतको मुद्दा, (छ) कल्याण धनको महल अन्तर्गतको मुद्दा (ज) नासो धरौटको महलको ५ नं. अन्तर्गतको मुद्दा बाहेक सो महल अन्तर्गतको अन्य मुद्दा, (झ) अंशवण्डाको महलको १० नं. अन्तर्गतको इज्जत आमद अनुसार खान लाउन दिनु पर्ने विषयको मुद्दा (ञ) पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तिको सुरक्षा सम्बन्धी मुद्दा, (ट) गोबध बाहेक चौपायाको महल अन्तर्गतको अन्य मुद्दा, (ठ) चरन, घाँस, दाउरा सम्बन्धी मुद्दा, (ड) अर्काको घरभित्र जबर्जस्ती पसेको, बसेको वा पस्न, बस्न खोजेको मुद्दा (ढ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लेखित मुद्दा बाहेक नेपाल सकरारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य मुद्दा ।	**स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा संशोधन** **३३(ङ१) नं. ॥ ॥ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ बमोजिम नेपाल सरकार वादी हुने बाहेकका सो ऐन अर्न्तगतको घरेलु हिंसा सम्बन्धी मुद्दा,"**
१०१. **न्यायिक अधिकार** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि नगरपालिका क्षेत्रभित्रको देहायका मुद्दाहरुको शुरू कारवाही र किनारा गर्ने अधिकार नगरपालिकालाई हुनेछ : (क) जग्गा तर्फ साँध सीमाना, सन्धी सर्पन, आलीधुर, बाँध पैनी, कुलो वा पानीको बाँडफाँड तथा बाटो वा निकास मिचेको मुद्दा, (ख) बाली अर्मल मुद्दा, (ग) बेठबेगर सम्बन्धी र ज्याला मजुरीको महल अन्तर्गतको मुद्दा, (घ) गरीब कंगालको महल अन्तर्गतको मुद्दा, (ङ) चौपाया हराउने र पाउनेको महल अन्तर्गतको मुद्दा, (च) घर बनाउनेको महलको ८ नं. र ९ नं. अन्तर्गतको मुद्दा, (छ) कल्याण धनको महल अन्तर्गतको मुद्दा	**दफा १०१ (ङ१) नं. ॥ ॥ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ बमोजिम नेपाल सरकार वादी हुने बाहेकका सो ऐन अर्न्तगतको घरेलु हिंसा सम्बन्धी मुद्दा,"**

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
(ज) नासो धरौटको महलको ५ नं. अन्तर्गतको मुद्दा बाहेक सो महल अन्तर्गतको अन्य मुद्दा, (झ) अंशवण्डाको महलको १० नं. अन्तर्गतको इज्जत आमद अनुसार खान लाउन दिनु पर्ने विषयको मुद्दा (ञ) पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तिको सुरक्षा सम्बन्धी मुद्दा, (ट) गोबध बाहेक चौपायाको महल अन्तर्गतको अन्य मुद्दा, (ठ) चरन, घाँस, दाउरा सम्बन्धी मुद्दा, (ड) अर्काको घरभित्र जबर्जस्ती पसेको, बसेको वा पस्न, बस्न खोजेको मुद्दा (ढ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लेखित मुद्दा बाहेक नेपाल सकरारले नगरपालिकालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य मुद्दा ।	

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२. परिभाषा (ङ) "परिवार" भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा अविवाहिता छोरी सम्झनु पर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियार समेतलाई जनाउँछ ।	कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा संशोधनः २(ङ) "परिवार" भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा **छोरी** सम्झनु पर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियार समेतलाई जनाउँछ ।

राष्ट्र ऋण ऐन, २०५९

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
७. ऋणपत्रको नामसारी : (३) धनीको मृत्यु पश्चात ऋणपत्रमा हक पुग्ने धनीले कुनै व्यक्तिलाई इच्छाएको रहेछ भने त्यस्तो ऋणपत्रको सम्बन्धमा धनीको मृत्युपछि सो व्यक्तिलाई धनी मानिनेछ । त्यसरी कुनै व्यक्ति इच्छाइएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा देहायका नाता पर्नेमध्ये क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्ति उक्त ऋणपत्रको सम्बन्धमा मृतक धनीको हकवाला हुनेछ :– (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी, धर्मपुत्री (ग) सगोलको बाबु आमा, छोरापट्टिको नाति नातिनी (घ) भिन्न बसेको पति पत्नी, छोरा, अविवाहिता छोरी, बाबु आमा, (ङ) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु भाइ, अविवाहिता दिदी बहिनी (च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति, अविवाहिता नातिनी (छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ बुहारी, नातिनी बुहारी (ज) भिन्न बसेको दाजु भाइ (झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी, बुहारी, भतिजा । (४) कुनै ..... र कुनै व्यक्ति इच्छाएको नभए उपदफा (३) बमोजिमको व्यक्ति मृतक धनीको हकवाला हुनेछ ।	राष्ट्र ऋण ऐन, २०५९ मा संशोधन : **२६(३) स्टकको धनीको मृत्यु पश्चात् ऋणपत्रमा हक पुग्ने गरी धनीले कसैलाई इच्छाएको भएमा त्यस्तो ऋणपत्रको सम्बन्धमा धनीको मृत्युपछि सो इच्छाइएको व्यक्ति मृतक धनीको हकवाला हुनेछ । त्यसरी धनीले कुनै व्यक्तिलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो ऋणपत्रमा अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हक हुनेछ ।"** (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा, छोरी, विधवा बुहारी, (ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी, (घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी, (ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी, (च) सगोलका काका, काकी, भतिजा, भतिजी, (छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी, (ज) सगोलका भाउजू, भाइ बुहारी, (झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी, (ञ) भिन्न भएका बाजे, बज्यै, उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिमको व्यक्ति "अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हुनेछ"

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
८१. **निक्षेप उपरको हक दावी** : (१) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछ :- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी, धर्मपुत्री (ग) सगोलको बाबु आमा, छोरापट्टिको नाति नातिनी (घ) भिन्न बसेको पति पत्नी, छोरा, अविवाहिता छोरी, बाबु आमा, (ङ) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु भाइ, अविवाहिता दिदी बहिनी (च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति, अविवाहिता नातिनी (छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ बुहारी, नातिनी बुहारी (ज) भिन्न बसेको दाजु भाइ (झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी, बुहारी, भतिजा ।	**बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा संशोधन :** **८१ (१) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दाबी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए सो निक्षेप त्यसरी इच्छाइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको भन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने त्यस्तो निक्षेप अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाको हुनेछ ।"** **(क) सगोलको पति वा पत्नी,** **(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,** **(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा तर्फका नाति, नातिनी, नातिनी बुहारी,** **(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, विवाहिता छोरी,** **(ङ) सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी,** **(च) सगोलका काका, काकी, भतिजा, भतिजी,** **(छ) भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति, नातिनी,** **(ज) सगोलका भाउजू, भाइ बुहारी,** **(झ) भिन्न भएका दाजु भाइ तथा दिदी बहिनी,** **(ञ) भिन्न भएका बाजे, बज्यै,**

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा संशोधन : दफा ४(घ१) महिलालाई यौनजन्य हिंसा गर्न धम्की दिने वा महिलाको आत्मसम्मानमा चोट पुग्ने वा त्यस्तै किसिमको अन्य कार्य गर्ने वा गराउने ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
४७. **विद्युतीय स्वरूपमा गैरकानूनी कुरा प्रकाशन गर्ने** : (१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।	**विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संसोधनः** ४७ (१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, **महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने** वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	"५८क. क्षतिपूर्ति भराई दिने : यस परिच्छेद बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानी नोक्सानी विचार गरी न्यायाधिकरणले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ ।"

वैदेशिक रोजगार ऐन, २०६४

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
५. संस्थाको छनौट : (१) कुनै विदेशी मुलुकमा रोजगारदाता संस्थाबाट नेपाल सरकारलाई कामदार छनौट गरी पठाउन अनुरोध भई आएमा नेपाल सरकारले खुल्ला प्रतिस्पर्धाका आधारमा इजाजतपत्रवाला संस्था छनौट गरी त्यस्तो संस्थामार्फत कामदार पठाउन सक्नेछ । (२) उपदफा (१) बमोजिम छनौट भएको संसथबाट विभागले थप नगद धरौटी वा बैंक ग्यारेण्टी माग गर्नेछ । (३) उपदफा (१) बमोजिम संस्था छनौट गर्ने आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ ।	**वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन :** दफा ५(१क) उपदफा (१) बमोजिम इजाजतपत्रवाला संस्था छनौट गर्दा त्यस्तो संस्था मार्फत वैदेशिक रोजगारमा गएका **महिला कामदारलाई यातना दिएको सम्बन्धमा सो संस्था विरूद्ध कुनै उजूरी परे नपरेको र त्यस्तो इजाजतपत्रवाला संस्थाले कामदारको सुरक्षा सम्बन्धमा विशेष व्यवस्था गरे नगरेको विषयमा समेत विचार गर्नु पर्नेछ ।"** दफा ५(३) उपदफा (१) बमोजिम संस्था छनौट गर्ने **अन्य** आधार कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।
२५. वैदेशिक रोजगारको करार गर्नु पर्ने : (१) रोजगारदाता संस्था वा निजको प्रतिनिधि र कामदार तथा इजाजतपत्रवाला र कामदारबीच वैदेशिक रोजगारका लागि प्रस्थान गर्नुअघि रोजगारका सेवा, शर्त तथा दुवै पक्षले पालना गर्नु पर्ने शर्त र कामदारले पाउने पारिश्रमिकको सम्बन्धमा कामदारलाई स्पष्टसँग बुझाई करार गर्नु पर्नेछ ।	**२५. वैदेशिक रोजगारको करार गर्नु पर्ने** : (१) रोजगारदाता संस्था वा निजको प्रतिनिधि र कामदार तथा इजाजतपत्रवाला र कामदारबीच वैदेशिक रोजगारका लागि प्रस्थान गर्नुअघि **सम्बन्धित मुलुकको सुरक्षाको स्थिति** रोजगारका सेवा, शर्त तथा दुवै पक्षले पालना गर्नु पर्ने शर्त र कामदारले पाउने पारिश्रमिकको सम्बन्धमा कामदारलाई स्पष्टसँग बुझाई करार गर्नु पर्नेछ ।
२८(६) यस दफा बमोजिम अभिमुखीकरण तालीम सञ्चालन गर्न संस्थालाई दिइएको अनुमति पत्रको नवीकरण र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।	२८(६) यस दफा बमोजिम अभिमुखीकरण तालीम सञ्चालन गर्न संस्थालाई दिइएको अनुमति पत्रको नवीकरण र नवीकरण दस्तुर **अनुमति पत्र रद्द** सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
२९. अभिमुखीकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण: दफा २८ बमोजिम अनुमतिपत्रप्राप्त अभिमुखीकरण तालीम सञ्चालन गर्ने संस्थाबाट दिइने अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण बोर्डले गर्नेछ । नयाँ व्यवस्था थप	"२९(१) दफा २८ बमोजिम अनुमतिपत्र प्राप्त अभिमुखिकरण तालीम सञ्चालन गर्ने संस्थाबाट दिइने अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण बोर्डले गर्नेछ । २९(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको पाठ्यक्रममा अन्य कुराका अतिरिक्त लैङ्गिक हिंसा हुने अवस्था र त्यसको समाधानका उपाय सम्बन्धी विषयहरू समेत समावेश गर्नु पर्नेछ ।
३३ (ख) कामदारको अङ्गभङ्ग भई वा दफा ७५ को उपदफा (१) को कारणबाट कामदारलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न, नयाँ व्यवस्था थप	दफा ३३(ख१) वैदेशिक रोजगारको लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौज्दारी कसूरको अभियोग लागेका कसूरदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न, ३३ (ख२) वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमका बारेमा प्रचार प्रसार गर्न,
नयाँ व्यवस्था थप	६८(ग१) वैदेशिक रोजगारको क्रममा लैङ्गिक हिंसाबाट पीडित कामदारलाई तत्काल उद्धार गरी आवश्यकतानुसार सम्बन्धित मुलुकको कानून बमोजिम कानूनी उपचार प्राप्त गर्न पहल गर्ने वा निजलाई सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत नेपाल फर्काउने व्यवस्था गर्ने"

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
८. **थुनामा राखी कारबाही गर्नु पर्ने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।	**मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन :** **८. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसूरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।"**
१०. **छुट्टै कानून व्यवसायी राख्न पाउने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले छुट्टै कानून व्यवसायी मार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ ।	"१०. **कानून व्यवसायी राख्न सक्ने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी **मुद्दाको कारबाहीको सिलसिलामा** पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।"
११. **दोभाषे वा अनुवादक राख्न सक्ने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ । नयाँ व्यवस्था थप	"११. **दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ । **त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकम मध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ ।"**
नयाँ व्यवस्था थप	**"१२क. पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने : दफा १२ बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानून बमोजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।"**
१४(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।	१४(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न **तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि** नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।"
१५(६) दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।	१५ (६) दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, **पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरूद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा,** अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।"

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
१६. **सजाय नहुने** : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिंदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।	१६ **सजाय नहुने** : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिव आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न **मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने,** जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा सतित्व नष्ट गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।"
नयाँ व्यवस्था थप	**दफा १७(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।"** **(ख) "उपदफा (१) वा (१क) बमोजिमको"**
२६. **सुरक्षाको व्यवस्था** : दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजूर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ ।	दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजूर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्र **वा महिला मानव अधिकार रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको** आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ ।
नयाँ व्यवस्था थप	**साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने :** **"२६ (क१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।** **(क२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।"**

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,– (क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ । (ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ । (ग) "शारीरिक यातना" भन्नाले प्रचलित कानून बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ । (घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मिक वा साँस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ ।	३२. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन दफा २(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ । २(ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ । २(ग) "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ । २(घ)"मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रूप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।"
(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ । नयाँ व्यवस्था थप	(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दवाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ । "(ट१) "उजूरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजूरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ ।"
४(७) उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ । नयाँ व्यवस्था थप	४(७) उपदफा (१) बमोजिम ...उजूरीको प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ । तर दफा ५क बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।
नयाँ व्यवस्था थप	जाहेरी दिन सक्ने ५(क१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ । ५(क२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कार्यालयले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।"

संशोधन पूर्वको व्यवस्था	नयाँ संशोधित व्यवस्था
नयाँ व्यवस्था थप	**६क. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।"**
९. उपचारको रकम पीडकले व्यहोर्ने : (१) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ ।	**उपचारको रकम पीडकले व्यहोर्ने :** ९(१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ **र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।** **(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।** **(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालय वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ ।"**
नयाँ व्यवस्था थप	**"१२क. संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने :** **(१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न नेपाल सरकारले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्ति गर्न सक्नेछ ।** **(२) उपदफा (१) बमोजिम संरक्षण अधिकृत नियुक्ति नभएसम्म उपलब्धताको आधारमा नेपाल सरकारको कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रूपमा काम गर्ने गरी तोक्नेछ ।** **(३) संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"** **१२ख. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।** **१२ग. नेपाल सरकार वादी हुने : दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।"**
१३. सजाय : (१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । (४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।	दफा १३(१) कसैले अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य याताना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म जरिवाना र एक वर्षदेखि आठ वर्षसम्म कैद हुनेछ ।" (१क) कसैले उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।" (४) सार्वजनिक जवाफदेही पदमा वहाल रहेका कुनै व्यक्तिले आफ्नो पत्नी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति नाबालक वा गर्भवती महिला विरूद्ध यस ऐन बमोजिम कसूर गरेमा निजलाई थप १०% सजाय हुनेछ ।

महिला, कानुन र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३, ४२३३५२४, ४२३३५२५
फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website : www.fwld.org